## गरुडा नगरपालिका

# स्थानीय राजपत्र

**गरुडा नगरपालिकाद्वारा प्रकाशित**

**खण्डः ३, संख्या : १, मिति : २०८१/०८/०२**

## भाग–२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गरुडा नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरेको कार्यविधि सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

# गरुडा नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।०८।०२**
**प्रमाणीकरण मिति : २०८१।०८।०२**

१. **प्रस्तावनाः** मधेश प्रदेश सरकारबाट स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" मा गरिएको तह/स्तर वृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित र पारदर्शी ढङ्गले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

मधेश प्रदेशबाट प्रदेश राजपत्रमा प्रकाशित "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को दफा १५५ ले दिएको अधिकार र गरुडा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४(१) बमोजिमको अधिकार प्रयोग गरी गरुडा नगरपालिकाबाट यो कार्यविधि स्वीकृत गरेको छ ।

२. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "गरुडा नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले मधेश प्रदेशले जारी गरेको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले गरुडा नगरपालिका सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गरुडा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) "प्रदेश" भन्नाले मधेश प्रदेशलाई सम्झनु पर्दछ ।

(ङ) "प्रदेश लोक सेवा आयोग" मधेश प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्दछ ।

(च) "मन्त्रालय" भन्नाले प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्दछ ।

(छ) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ।

(ज) "स्थायी पद" भन्नाले निबृत्तभरण वा योगदान मूलक निवृत्तभरण वा उपदान पाउने र म्याद नतोकिएको स्थानीय सेवाको पद सम्झनु पर्दछ ।

(झ) "तह/स्तर वृद्धि" भन्नाले मधेश प्रदेश सरकारले स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा (६) , दफा ८ को उपदफा (२३) र दफा २९ को उपदफा (१), (२) बमोजिम गरिने योग्य कर्मचारीहरुको तह/स्तर वृद्धि गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ञ) "सिफारिस समिति" भन्नाले कार्यविधिको दफा ५ को उपदफा (१) बमोजिम तह/स्तर वृद्धिका लागि गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

(ट) "अख्तियारवाला" भन्नाले स्थानीय सेवामा नियुक्ति, पदस्थापन र अवकासको निर्णय गर्ने अधिकारीलाई सम्झनु पर्दछ ।

(ठ) "स्थानीय तह" भन्नाले गरुडा नगरपालिका सम्झनु पर्दछ ।

४. **सूचना प्रकाशन गर्नेः** (१) मधेश प्रदेश सरकारबाट राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा (६) , दफा ८ को उपदफा (२३) र दफा २९ को उपदफा (१) र (२) बमोजिम हुने तह/स्तर वृद्धि सम्बन्धी सूचना आर्थिक वर्षको मंसिर महिना वा जेष्ठ महिनामा प्रकाशित गरी गरुडा नगरपालिकाको वेभसाइटमा अपलोड गरिनेछ ।

(२) यस कार्यविधिको दफा ६ बमोजिम न्यूनतम शैक्षिक योग्यता तथा सेवा अवधि हासिल गरेका गरुडा नगरपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीले गरुडा नगरपालिकामा देहायका कागजात सहित तह/स्तर बृद्धिका लागि अनुसूचि १ बमोजिमको निवेदन दिनुपर्नेछ ।

(क) शुरु स्थयी नियुक्ति पत्रको प्रतिलिपि ।

(ख) सेवा/समूहमा बढुवा/तह/स्तर वृद्धि पत्रको प्रतिलिपि ।

(ग) नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

(घ) ऐन बमोजिमको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्रको प्रतिलिपि ।

(च) सजाय भएको वा गयल कट्टी भएको छैन भनि कर्मचारी स्वयंले घोषणा गरेको निवेदन ।

(छ) सजाय वा गयल कट्टी नभएको कर्मचारी प्रशासन शाखाबाट प्रमाणित कागजात ।

**५. सिफारिस समितिः** (१) यस कार्यविधिको दफा ६ को उपदफा (१) र (२) बमोजिम तह बृद्धिका लागि देहाय बमोजिमको एक तह/स्तर बृद्धि वा पदपूर्ती सिफारिस समिति गठन गरिनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) प्रमुख जिल्ला अधिकारीले तोकेको एक जना राजपत्राङ्कित अधिकृत कर्मचारी - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको गरुडा नगरपालिकामा कार्यरत अधिकृत - सदस्य-सचिव

(२) समितिको बैठकमा नगरपालिका अन्तर्गतका शाखा प्रमुखहरु वा अन्य स्थानीय तहका अधिकृत कर्मचारी वा प्रदेश सरकार अन्तर्गतका अधिकृत कर्मचारीलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस कार्यविधि बमोजिम तह/स्तर बृद्धि हुन योग्यता पुगेका ईच्छुक कर्मचारीहरुको लागि निवेदन पेश गर्न सूचना प्रकाशित गर्ने,

(ख) सूचना अवधि भित्र निवेदन पेश गर्ने कर्मचारीहरुको कागजातहरुको अध्ययन गरी योग्यता पुगेका कर्मचारीहरुको तह/स्तर वृद्धिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्ने ।

**६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः** (१) ऐनको दफा २९ को उपदफा (१) बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह/स्तर वृद्धि गर्दा तह/स्तर वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा तीन वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यङ्कनमा औसत अस्सी प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई देहाय बमोजिम सेवा, समूह वा उपसमूह भित्र तह वृद्धि गरिनेछ ।

**देहायः**

| **क्र.सं.** | **हालको तह** | **तह वृद्धि हुने तह** | **न्यूनतम् शैक्षिक योग्यता** |
|---|---|---|---|
| | | | **स्थानीय सेवा (स्थानीय स्वास्थ्य सेवा बाहेक)** |
| १ | **पाँचौ** | **छैठौ** | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीण |
| २ | **सातौं** | **आठौं** | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण |
| ३ | **नवौं** | **दशौं** | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह |

**(२)** ऐनको दफा २९ को उपदफा (२) बमोजिम स्थानीय स्वास्थ्य सेवाका देहायका तहमा देहाय बमोजिम तहवृद्धि/स्तरवृद्धि गरिनेछ :

| **क्र.सं.** | **हालको तह** | **तह वृद्धि हुने तह** | **सम्बन्धित तहमा सेवा गर्नुपर्ने अवधि** | **पछिल्लो दुई आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कन प्राप्त गर्नु पर्ने अङ्क** |
|---|---|---|---|---|
| १ | चौथो | पाँचौं | पाँच वर्ष | कम्तिमा उत्तम |
| २ | पाँचौं : | | | |

| | | | | |
|---|---|---|---|---|
| | (क) शुरु नियुक्ति भएका वा पाँचौं तहमा स्तरवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका, | छैठौं | पाँच वर्ष | कम्तिमा उत्तम |
| | (ख)पाँचौं तहमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा भए वा स्तरवृद्धि भएका मध्ये सो तहको लागि न्यूनतम् शैक्षिक योग्यता नभएका । | छैठौं | पाँच वर्ष | कम्तिमा उत्तम |
| ३ | छैठौं : | | | |
| | (क) छैठौं तहमा लोक सेवा आयोगको प्रक्रिया पूरा गरी नियुक्ति भएका, | सातौं | स्वत: | |
| | (ख) छैठौं तहमा स्तरवृद्धि भएका मध्ये वरिष्ठ पाँचौं तहमा मिलान भएका, | सातौं | पाँच वर्ष | कम्तिमा उत्तम |
| | (ग) छैठौं तहमा स्तरवृद्धि भएका मध्यै पाँचौं तहमा शुरु नियुक्ति भएका । | सातौं | पाँच वर्ष | कम्तिमा उत्तम |
| ४ | सातौ : | | | |
| | (क) मेडिकल अधिकृत, डेण्टल अधिकृत, आयुर्वेद चिकित्सक, एकिकृत चिकित्सा अधिकृत वा सो सरहका अन्य चिकित्सा अधिकृत, | आठौं | स्वत: | |
| | (ख) खण्ड (क) बाहेकका छैठौं तहमा शुरु नियुक्ति भई सातौं तहको पदमा स्तरवृद्धि भएका र सातौ तहमा शुरु नियुक्ति भएका अन्य अधिकृत कर्मचारीहरु | आठौं | तीन वर्ष | कम्तिमा उत्तम |
| ५ | नवौं | दशौं | दुई वर्ष | कम्तिमा उत्तम |

७. **तह/स्तर बृद्धि सम्बन्धी विशेष व्यवस्थाः (१)** निजामति सेवा बाहेकका अन्य सेवाबाट साबिक स्थानीय निकायको स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति भई स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको यस कार्यबिधिको दफा ४, ५ र ६ को प्रक्रिया अनुसार तह/स्तर बृद्धि गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा (६) र दफा ८ को उपदफा (२३) बमोजिम कर्मचारीको तह/स्तर वृद्धि एवं पद कायम गर्न अख्तियारवालले प्रदेश लोक सेवा आयोगको परामर्श लिइ प्राप्त परामर्श अनुसार तह/स्तर वृद्धि एवं पद कायम गर्नेछ ।

८. **ज्येष्ठता गणना:** तह/स्तर बृद्धि हुने कर्मचारीको ऐनको दफा २८ बमोजिम जेष्ठता गणना गरिनेछ ।

९. **बाधा अड्काउ फुकाउने:** कार्याविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगरपालिकामा रहनेछ ।

१०. **तह/स्तर वृद्धि गर्न नहुने वा तह बृद्धि रोक्का हुने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर तह बृद्धिका लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह/स्तर बृद्धि समेत रोक्का गरिनेछ:

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह/स्तर वृद्धि वा बढुवा रोक्का भएकोमा तह/स्तर वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धिरोक्का भएकोमा तलब वृद्धि रोक्का भएको भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(घ) ऐनको दफा ३६ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(ङ) असधारण विदा वा बेतलबि अध्ययन विदामा बसेकोमा सो विदा अवधिभर ।

११. **पदस्थापन सम्बन्धी व्यवस्था :** मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा (६) , दफा ८ को उपदफा (२३) र दफा २९ को उपदफा (१), (२) बमोजिम तह/स्तर वृद्धिको निर्णय भएपछि सम्बन्धित कर्मचारीलाइ प्रमुख प्रशासकीय अधिकृतले अनुसूचि २ अनुसार तह/स्तर वृद्धि गरी पदस्थापन गरिएको पत्र दिनु पर्नेछ ।

१२. **जानकारी दिनुपर्ने:** यस कार्यविधि बमोजिम गरिएको तह/स्तर वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र प्रदेश कितावखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोगमा दिनु पर्नेछ ।

१३. **उजुरी/गुनासो:** तह/स्तर वृद्धिको निर्णय उपर चित्त नवुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१४. **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकालाई हुनेछ ।

## अनुसूची- १

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

तह/स्तर वृद्धि कायम हुने कर्मचारीले पेश गर्ने निवेदनको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
गरुडा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
गरुडा, रौतहट ।

**विषयःतह/स्तर वृद्धि गरिपाउँ ।**

प्रस्तुत विषयमा म यस नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत दरबन्दीमा शुरु नियुक्ति/कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई कार्यरत रहेकोमा मधेश प्रदेश सरकारबाट प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा (६)/ दफा ८ को उपदफा (२३)/ दफा २९ को उपदफा (१)/(२) बमोजिम बमोजिम १ तह माथिल्लो पद तथा तहमा तह/स्तर वृद्धि हुन योग्यता पूरा भएकोले निम्न विवरण खुलाई आवश्यक कागजातहरु र शैक्षिक प्रमाणपत्रको छायाँ प्रति यसैसाथ संलग्न गरी यो निवेदन पेश गरेको छु ।

**निम्न :**

| **हाल कार्यरत पद तथा तहको विवरण** | **तह वृद्धि हुन पद तथा तहको विवरण** |
|---|---|
| शुरु नियुक्ति भएको पद : | तह/स्तर वृद्धि हुने पद : |
| शुरु नियुक्ति भएको तह/स्तर : | तह/स्तर वृद्धि हुने तह : |
| शुरु नियुक्ति मिति : | सेवा : |
| समायोजन भएको पद : | समूह : |
| समायोजन भएको तह/स्तर : | |
| समायोजन भएको मिति : | |
| हाल कार्यरत पद : | |
| तह/स्तर : | |
| सेवा : | |
| समूह : | |

**संलग्न कागजातहरु :**

१. शुरु स्थयी नियुक्ति पत्रको प्रतिलिपि ।
२. सेवा/समूहमा बढुवा/तह/स्तर वृद्धि पत्रको प्रतिलिपि ।
३. नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
४. ऐन बमोजिमको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।
५. समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्रको प्रतिलिपि ।
६. सजाय भएको वा गयल कट्टी भएको छैन भनि कर्मचारी स्वयंले घोषणा गरेको निवेदन ।
७. सजाय वा गयल कट्टी नभएको कर्मचारी प्रशासन शाखाबाट प्रमाणित कागजात ।

**निवेदक**

कर्मचारीको नाम, थरः
कर्मचारी सं.नं.
सेवा :
समूहः
तह/स्तर :

## अनुसूची- २

(दफा ११ सँग सम्बन्धित)

**विषय : तह/स्तर वृद्धि तथा पदस्थापना गरिएको सम्बन्धमा ।**

श्री .................................

कर्मचारी संकेत नं. ......

प्रस्तुत विषयको सम्बन्धमा यस नगरपालिकामा कार्यरत कर्मचारीको तह वृद्धिको लागि प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम धनुषाबाट प्राप्त परामर्श तथा तह/स्तर वृद्धि सिफारिस समितिको सिफारिसको आधारमा कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको मिति ....................... को निर्णयानुसार मधेश प्रदेश सरकारबाट प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा (६)/ दफा ८ को उपदफा (२३)/ दफा २९ को उपदफा (१)/(२) बमोजिम बमोजिम मिति .......................... गते देखि लागू हुने तथा मिति ...................... देखि नै जेष्ठता कायम हुने गरी तपाईंलाई देहाय बमोजिमको पद तथा तहमा तह/स्तर वृद्धि तथा यसै नगरपालिकाको ....................... कार्यालय/शाखा/उपशाखा/इकाईमा पदस्थापन गरिएको छ । तह/स्तर वृद्धि हार्दिक बधाईका साथै उज्जल भविष्यको कामना छ ।

**देहाय**

| **कार्यरत पद तथा तहको विवरण** | **तह वृद्धि भएको पद तथा तहको विवरण** |
|---|---|
| पद :<br>तह/स्तर :<br>सेवा :<br>समूह :<br>कार्यरत कार्यालय/शाखा/उपशाखा/<br>इकाई : | पद :<br>तह/स्तर :<br>सेवा :<br>समूह :<br>पदस्थापन गरेको कार्यालय/शाखा/उपशाखा/<br>इकाई : |

.................................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल ।

श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल ।

श्री प्रदेश किताबखाना, मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल ।

श्री कर्मचारी संचय कोष, त्रिदेवी मार्ग ठमेल, काठमाण्डौ ।

श्री आर्थिक प्रशासन शाखा, गरुडा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, गरुडा, रौतहट ।

आज्ञाले,

मुहम्मद मुस्ताक आलम

प्रमुख प्रशासकीय अधिकृत